# राजपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ, लुम्बिनी प्रदेश, नेपाल

## पुराना घर तथा भवनहरुको अभिलेख व्यवस्थापन गर्ने सम्बन्धी ३५ दिने सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८१/०१/२६)

राजपुर गाउँपालिकाभित्र निर्माण भएका घर तथा भवनहरुको नक्सापास एवं अभिलेखिकरणलाई व्यवस्थित गर्ने उद्देश्यका साथ घर तथा भवनहरुको अभिलेखिकरण गर्ने प्रयोजनका लागि तयार भएको पुराना भवनहरुको अभिलेख व्यवस्थापन सम्बन्धी निर्देशिका- २०८० बमोजिम मिति २०८१।०१।२१ गतेको कार्यपालिकाको निर्णय अनुसार घर, भवन अभिलेखिकरण गर्नहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै तोकिएको समयभित्र तपसिलमा उल्लिखित कागजातहरु संलग्न राखी आफ्नो पुराना घर तथा भवनहरुको अभिलेखिकरण गरी अभिलेखिकरण कार्यमा सहयोग पुऱ्याउनुहुन सबैमा अनुरोध छ।

**तपसिलः-**

१) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि
२) चालु आ.व. को मालपोत कर तिरेको रसिदको प्रतिलिपि
३) जग्गाधनी तथा घरधनीको नागरिकताको प्रतिलिपि
४) कित्ता नं. स्पष्ट भएको नापीको प्रमाणित नापी नक्सा
५) पास गरिने घरको As built drawings (दर्तावाला कन्सल्टेन्सी इन्जिनियर र नक्सावालाको हस्ताक्षरसहित) ३ प्रति
६) मन्जुरीनामा लिई गर्ने भए सम्बन्धित वडाध्यक्ष वा सदस्यको रोहवरमा गरिएको मन्जुरीनामा पत्र
७) As built drawings मा साइट प्लान, लोकेसन प्लान, ईलिभेसन, भऱ्याङ भए भऱ्याङबाट नभए कुनै ठाउँबाट काटिएको क्रस सेक्सन, सेफ्टीटंकी स्पष्ट देखिने नक्सा हुनुपर्नेछ।
८) Structural drawings र structural report आवश्यकता अनुसार।
९) चारैतर्फबाट खिचिएको बाटो देखिने रंगिन फोटो, घरधनीको पासपोर्ट साइजको फोटो ३ प्रति।
१०) भवन निर्माण सम्पन्न भएको मिति तोकिएको वडाको सिफारिस।

**प्रमुख प्रशासकीय अधिकृत**